SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM
Sancharika Samuha
FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS
Promoting Communication for Equality

१० बैशाख २०७२

**प्रेस विज्ञप्तिः सञ्चार अनुगमन**

सञ्चारिका समूह नेपालले एक महिना (१- ३० चैत २०७१) मा १४ वटा राष्ट्रिय दैनिकमा गरेको सञ्चार अनुगमनले १२ जना किशोरी तथा महिलाको हत्या भएको देखाएको छ। अनुगमनमा हत्यासम्बन्धी ८५ वटा समाचार सामग्री प्रकाशित भएको पाइएको छ।

अनुगमनमा खेलकुद र अर्थसम्बन्धी समाचारबाहेक दैनिक पत्रिकाका समाचार, विचार तथा सम्पादकीय सामग्री समेटिएको थियो। अनुगमनमा राजधानीबाट प्रकाशित कान्तिपुर, नागरिक, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स्, कारोबार, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, कमाण्डर पोष्ट, नेपाली दैनिक तथा द काठमाण्डु पोष्ट, रिपब्लिका, द हिमालयन टाइम्स, र द राइजिङ नेपाल अंग्रेजी दैनिकहरु समेटिएका थिए।

महिलामाथि हुने विभिन्न प्रकारका हिंसालाई १३ वटा शीर्षकमा अनुगमन गरिएको थियो। त्यसमा बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानव बेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, स्वास्थ्यसम्बन्धी, राजनीतिक र अन्य पर्दछन्।

चैत महिनामा बलात्कार सम्बन्धि ३० वटा घटना भएका थिए र बलात्कार सम्बन्धि २५५ वटा समाचार सामग्री प्रकाशित भए। अध्ययनले यो एक महिनामा महिलामाथि घरेलु हिंसासँग सम्बन्धित ५ वटा घटना भएको र २८ वटा समाचार, विचार तथा सम्पादकीय छापिएको देखाएको छ। त्यस्तै बहुविवाहसम्बन्धी ४ समाचार, विचार तथा सम्पादकीय छापिएको देखिन्छ।

परम्परागत र धार्मिक हिंसासम्बन्धी १८ समाचार, विचार तथा सम्पादकीय छापिएका थिए। यौन दुर्व्यवहारका ६ वटा घटना र १८ वटा समाचार सामग्री प्रकाशित भएका थिए। अध्ययनले महिलामाथि हुने घरेलु हिंसासँग सम्बन्धित ५ वटा घटना र २८ वटा समाचार, विचार तथा सम्पादकीय छापिएको देखाएको छ। त्यस्तै बहुविवाहसम्बन्धी ४ समाचार, विचार तथा सम्पादकीय छापिएको देखिन्छ।

स्थानको हिसावले महिला हिंसासम्बन्धी सबैभन्दा बढी समाचार भित्री पृष्ठमा छापिएका थिए। पहिलो पृष्ठमा ८२ र दोस्रो पृष्ठमा ७३ वटा समाचार छापिएका थिए। सबैभन्दा बढी समाचार (११८ वटा) पाँचौं पृष्ठमा छापिएको थियो। धेरै समाचारलाई सानो ठाउँ दिइएको थियो। महिलामाथि हिंसा गर्नेमा परिवारका सदस्य (३८), उल्लेख नभएका (३०), छिमेकी (१२) ,राज्य (९) र सबैभन्दा बढी अन्य (४७) भएको देखाएको छ। सो अवधिमा महिला हिंसासम्बन्धी सम्पादकीय ८, फोटो समाचार १३, लेख १०५, सफ्ट न्यूज ९३ तथा हार्ड न्यूज ५३७ वटा प्रकाशित थिए। प्रकाशित समाचारमध्ये हार्ड न्यूज ९३, सफ्ट न्यूज ४२ र ३७ वटा लेखमा मात्र फोटो/स्केच प्रयोग गरिएको थियो।

समग्रमा ती सञ्चारमाध्यमले महिला हिंसासम्बन्धी समाचारलाई प्राथमिकतामा राखी प्रकाशित गरेको पाइएको छ। फलोअप समाचार कम आएको पाइयो। यो महिना बलात्कारका २, हत्याका ७ र अन्यका ९ वटा फलोअप समाचार प्रकाशित भए। हार्ड न्यूजमा फोटोको प्रयोग कम (९३) पाइएको छ र समाचार साम्रगीमा पीडित वा पीडक कसको तस्बिर राख्ने भन्नेमा स्पष्ट नीतिको अभाव देखिन्छ। जस्तो कि यस महिना पीडितको ३६ र पीडकको २६ वटा मात्र फोटो छापिएको थियो।

सञ्चारिका समूहले सञ्चारमाध्यममा महिला हिंसाका समाचार कति आएका छन् ? ती समाचारले कस्तो प्राथमिकता पाइरहेका छन् ? हिंसाका समाचारमा फलोअप समाचार आएका छन् कि छैनन् ? समाजमा के कस्ता लैंगिक हिंसा भइरहेका छन् र ती सम्बन्धमा कस्ता समाचार सामग्री आइरहेका छन् भनेर सञ्चार अनुगमन गर्दैआएको छ।

बिमला तुम्खेवा
सञ्चारिका समूह

P.O. Box 13293, Kathmandu, Nepal Phone: 977-1-5530192, 5551182, Fax: 977-1-5551182 Email: sancharika@wlink.com.np
Website: www.sancharika.org